# बारपाक सुलिकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ३ सङ्ख्याः १ मितिः २०७६।१२।२६**

**भाग-२**

**बारपाक सुलिकोट गाउँपालिका**
**गोरखा**

# असंगठित क्षेत्रमा काम गर्ने श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६

कोभिड १९ को सम्भावित सङ्क्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थावाट प्रभावित असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनको लागि स्थानीय तहवाट राहत उपलब्ध गराउनका लागि वारपाक सुलिकोट गाउँपालिकाको कार्यपालिकाको बैठकवाट यो मापदण्ड तयार गरी लागू गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७६" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरी यसको कारण जनजीवनमा प्रभाव परेको अवधिसम्मको लागि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक, कामदार तथा मजदुर सम्झनुपर्छ।

(ख) असहाय भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवासविहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्वा, मस्जिद, चर्च वा वृद्वाश्रममा बस्ने व्यक्ति सम्झनुपर्छ। यसले दैनिक रूपमा गुजारा चलाउन मुस्किल परिरहेका न्यून आय भएका व्यक्तिहरूलाई समेत सम्झनुपर्छ।

(ग) राहत भन्नाले गाउँ कार्यपालिका वा कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालक समितिले निर्णय गरे बमोजिम दफा (४) बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा (५) बमोजिमको सामग्री सम्झनुपर्छ।

(घ) गाउँपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिका सम्झनुपर्छ।

**३. अभिलेख राख्नुपर्नेः**

(१) यस मापदण्ड बमोजिम राहत देहायका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गर्न सम्वन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछः

(क) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख) पर्यटक भरिया, निर्माण सामग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरू ओसारपसार गर्ने व्यक्ति,

(ग) ट्रक, टिप्पर, भ्यानवाट सामान लोड अनलोड गर्ने श्रमिक,

(घ) अन्य व्यक्तिको खेतवारीमा वर्षमा कम्तिमा चार महिना ज्याला गरी लिने कृषि मजदुर,

(ङ) आफ्नो नातेदार वाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई लगायतका काममा संलग्न हुने व्यक्ति,

(च) गिटी कुट्ने, वालुवा चाल्ने तथा ईटा भट्टामा काम गर्ने मजदुर,

(छ) निर्माण कायमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज) दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति,

(झ) असहाय वर्ग,

(ञ) लकडाउनका कारण जिविकोपार्जनमा समस्या भएका अन्य व्यक्तिहरू।

(२) यस दफा बमोजिमको राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसूची १ बमोजिम सम्वन्धित वडा सचिवले वडा सदस्य तथा वडा अध्यक्षको सहयोग लिई सात दिन भित्र तयार गरी सार्वजनिक गर्नुपर्नेछ।

(३) राहत वितरण गर्दा गाउँपालिका क्षेत्रमा कार्यरत गाउँपालिका स्थायी ठेगाना नभएका श्रमिक एवं असहायहरूलाई समेत वितरणको व्यवस्था मिलाउनुपर्नेछ।

**४. राहत वितरण गर्नुपर्नेः** दफा ३ बमोजिमको लगतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडाले अनुसूचि २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ।

**५. राहत सामग्रीः**

(१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रति परिवारलाई परिवारको आवश्यकता अनुसार पटक पटक गरी लकडाउन अवधिभरका लागि राहत सामग्री वितरण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम राहत सामग्री वितरण गर्दा स्थानीय रूपमा उपलब्ध हुने खाद्य सामग्री कार्यपालिकाको बैठकले निर्धारण गरेको परिमाण बमोजिम वितरण गर्नुपर्नेछ।

(३) पहिलो पटक राहत प्राप्त गरेका परिवारलाई थप राहत प्रदान गर्दा गाउँपालिकाले थप राहतको उपलब्ध गराउनुपर्ने अवस्था भएमा त्यस्ता सामग्रीको उपलब्धताका आधारमा राहत सामग्रीको परिमाण निर्धारण गरी वितरण गर्न सक्नेछ।

(४) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्वन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ। साथै परिवार सङ्ख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) र उपदफा (२) बमोजिमको राहत सामग्रीको आधा र सो भन्दा बढी परिवार सङ्ख्या भए पुरै राहत सामग्री वितरण गर्न सकिनेछ।

(५) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकै परिवारका एक भन्दा वढी सदस्यलाई राहत सामग्री वितरण गरिने छैन।

**६. वितरण गर्ने विधिः**

(१) देहायको विधि अवलम्वन गरी दफा (५) बमोजिमको राहत सामग्री वितरण गर्नुपर्नेछ :

(क) राहत वितरणको लागि सम्वन्धित वडा समितिले सामग्री खरिद गरी वितरण गर्ने।

(ख) सम्वन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारण वडा समितिवाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्ने।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५ बमोजिमको सामग्री उपलब्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सची लिई सो को आधारमा सामग्रीको गुणस्तर तथा मूल्य यकिन गर्ने र उपलब्ध भएसम्मका आपूर्तिकर्ता छनोट गर्ने।

**७. राहत वितरणको अभिलेख र प्रतिवेदनः**

(१) सम्वन्धित वडाले अनुसूचि २ बमोजिमको राहत विवरणको अभिलेख आफ्नो कार्यालयमा राखी आवधिक रूपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति गाउँपालिका कार्यालयमा पठाउनुपर्नेछ।

(२) गाउँपालिकाले राहतको प्रतिवेदन अनुसूचि ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयमा पठाउनुपर्नेछ।

**८. कारबाही सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन।

(२) यस कार्यविधिको प्रतिकुल हुने गरी राहत वितरणको लागि सिफारिस गने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम गाउँपालिकाले निजवाट असुल गर्नु पर्नेछ।

**९. कोषबाट खर्च व्यहोर्नु पर्नेः**

(१) यस मापदण्ड बमोजिम लाग्ने खर्च गाउँपालिकाद्वारा स्थापित कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषवाट व्यहोर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा गाउँपालिकाले राजस्व संकलन, राजस्व बाँडफाँट र नेपाल सरकार एवं प्रदेश सरकारबाट समानीकरण अनुदान शीर्षकवाट चालू आर्थिक वर्षमा वचत हुने र कम प्राथमिकता क्षेत्रमा खर्च हुने शीर्षकवाट रकमान्तर गरी कोष खडा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कोषमा अन्य व्यक्ति, संघ, संस्था वा निकायवाट प्राप्त सहयोग समेत जम्मा गर्नुपर्नेछ।

**अनुसूचिः १**

**(दफा ३ सँग सम्वन्धित)**

**अभिलेखको ढाँचा**

**राहत प्राप्त गर्ने व्यक्तिको विवरणः**

१. नाम थरः २. वावुको नामः

३. वाजेको नामः ४. स्थायी ठेगानाः ५. हालको ठेगानाः

६. टेलिफोन वा मोवाइल नम्वर (भएमा):

७. दैनिक ज्यालादारीमा कार्यरत स्थानः

८. गर्ने गरेको कामको विवरणः

९. पेश गरेको कागजातको विवरण (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

ग. परिचय खुल्ने अन्य कुनै कागजात

१०. राहत लिने व्यक्तिको स्वघोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यामवाट आय आर्जन गरेका छैनन। मैले राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन। माथि पेश गरेको विवरण ठीक साँचो हो। व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदक:**

दस्तखतः

मितिः

**औंठाको छाप**

दायाँ बायाँ

**सिफारिस गर्ने पदाधिकारी**

दस्तखतः

वडा नंः

नामः

पदः

मितिः

**अनुसूचिः २**

**(दफा ७ को उपदफा १ सँग सम्वन्धित)**

बारपाक सुलिकोट गाउँपालिका

वडा नं ..................... कार्यालयः ..................

**राहत वितरणको अभिलेख**

| [redacted] | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**राहत वितरण गर्नेको**

दस्तखत :

नाम थरः

टेलिफोन नं. :

## अनुसूचिः ३

(दफा ७ को उपदफा २ सँग सम्बन्धित)

## बारपाक सुलिकोट गाउँपालिका

## प्रतिवेदनको ढाँचा

| [redacted] | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |